# छलफल

यो प्रतिवेदनको उद्देश्य भनेको कार्यान्वयन गर्ने संस्थाहरूलाई प्रकोपसम्बन्धी तयारीको स्थानीय ज्ञान, व्यवहार, सन्दर्भलाई बुझ्न र पत्तालगाउन प्रोत्साहित गर्नु र आवश्यक ज्ञान उपलब्ध गराउन मद्दत गर्नु हो । यस उद्देश्यका लागि बाढीसम्बन्धी तयारीको स्थानीय ज्ञानलाई लिपिबद्ध गर्न नेपालका पूर्वी तराईका नौ वटा गाउँमा एउटा वस्तुगत अध्ययन गरिएको थियो । वस्तुस्थितिको अध्ययनले समयको अन्तरालमा स्थानीय मानिसले बाढीसम्बन्धी तयारीकालागि उल्लेख्य मात्रामा स्थानीय ज्ञान र व्यवहारहरू विकसित गरेको पाइएको देखाएको थियो ।

## पाठ सिकाइ

नेपालको पूर्वी तराईका मानिसले आफ्नै वरपरको वातावरणको दैनिक अवलोकन, विगतका र तत्कालका बाढीको अनुभव, र केही व्यवहारलाई पुस्तै पिच्छे ग्रहण गर्ने गरेका कारण उनीहरू बाढीबाट हुने मानवीय क्षतिका साथै आर्थिक, पर्यावरणीय, सामाजिक, र मानसिक असरलाई कम गर्न सक्षम हुँदै आएका छन् । बाढी व्यवस्थापनको तयारीसम्बन्धी स्थानीय ज्ञान र व्यवहारहरू ती क्षेत्रमा स्पष्ट अवस्थामा रहेका छन्, साथै त्यसमा मानिसको निम्न कुरा गर्ने क्षमता पनि समावेश छन् ।

१. उनीहरू फरक खालका बाढी, विगतका समयमा बाढी आएका स्थान, विगतका बाढीको पानीको तह, उनीहरूको आफ्नै क्षेत्रमा नदीको बाटोमा आएको परिवर्तन र नदीको आकारमा आएको परिवर्तन र उनीहरूको बाढीप्रतिको भौतिक र सामाजिक जोखिममा आएको परिवर्तनलाई स्पष्टसँग व्याख्या गर्न सक्छन् ।

२. पर्यावरणीय परिसूचक, मौसमको अनुमान, गन्ध, आवाज, वर्षाभएको स्थान र त्यसको प्रकार र जङ्गलीजनावर अस्वभाविक रूपमा देखिनु र त्यसका अस्वभाविक गतिविधिका आधारमा बाढीको पूर्व चेतावनी दिने संकेतहरू पत्तालगाउने र त्यसलाई विश्लेषण गर्ने ।

३. कहाँ र कहिले भाग्ने (अथवा बस्ने), कहाँ सुरक्षित र छिटो भाग्ने बाटाहरू छन्, कुन समयमा महत्वपूर्ण सरसामान अन्यत्र सार्ने, रातभर अनिदो बस्ने, घर छाड्ने, खाद्यान्न र दाउरा भण्डार गर्ने भन्ने कुरा पत्ता लगाउन ।

४. बाढीसँग तादम्यता कायम गर्न विशेष गरी घर निर्माण (विभिन्न सामानको समिश्रण गर्ने, जगलाई माथि बढाउने, सुरक्षा पर्खाल बनाउने) साना बस्तुभाउ, खाद्यान्न, मानिस आफैलाई समेत पानीबाट जोगाएर राख्न अग्लो खाद्य भण्डार र बहुउद्देश्यीय मचान बनाउने, बालीनालीसम्बन्धी नयाँ रणनीति (जस्तै नदी किनारमा गर्ने खेती, विरुवा रोप्ने), सामाजिक समूहलाई प्रयोग गर्ने, र नियमित

रूपमा आउने बाढीसँग सम्बन्धित पीडाहरूलाई पश्चिमी सोचका आधारमा भनिने गरेका 'भवितव्य' का रूपमा लिएर त्यससँग अभ्यस्त हुने तथा सामना गर्ने नयाँ नीति अपनाउने ।

५. विगतका बाढीसँग सम्बन्धित सूचनालाई गीत तथा उखान टुक्काका माध्यमबाट प्रचारप्रसार गर्ने ।

नेपालको पूर्वी तराईको प्रकोपसम्बन्धी तयारीलाई सुधार गर्न स्थानीय ज्ञानको प्रयोगको सम्भावनालाई विशेष गरी माथिका पाँचवटा मुख्य आधारमा समेट्न सकिने छ। यो ज्ञानले कार्यान्वयन गर्ने निकायलाई स्थानीय पर्यावरणीय विविधता बुझ्न, सबैभन्दा बढी जोखिममा रहेका व्यक्तिहरू, परिवार, समूह र समुदायभित्र ज्ञान प्रदान गर्ने मुख्य नायकलाई चिन्न स्थानीय कच्चा पदार्थ र सीपको प्रयोगगरी स्थानीय प्राविधिक रणनीतिको निर्माण र बाढीसम्बन्धी तयारीका विषयमा जनचेतना अभिवृद्धिका लागि सञ्चार प्रवाह गर्ने स्थानीय तरिकालाई बुझ्न सहयोग गर्नेछ ।

## चुनौतीहरू

यो वस्तुगत अध्ययनले स्थानीय ज्ञान, व्यवहार तथा अवस्थाहरूमा पाइएको भिन्नता तथा जटिलताको बारेमा बताउँछ । विभिन्न व्यक्ति, जाति तथा सामाजिक समूहहरूमा बाढीसम्बन्धी तयारीको सम्बन्धमा विभिन्न खाले ज्ञानहरू हुन्छन् । यो अध्ययनले के कुरा प्रष्टयाउँछ भने बाढीका कारण साधारणतया गरिब झन गरिब हुन्छन् भने धनी व्यक्तिहरू त्यो बाढीबाट अझ बढी लाभान्वित हुन सक्छन् । यसो भए तापनि केही घटनाहरूमा तथा निश्चित अवस्थाहरूमा बाढीले गरिबहरूका लागि पनि अकल्पनीय मौका उपलब्ध गराउन सक्छ, उत्तर दक्षिणी होन्डुरस (McSweeny 2005) मा भएको एक अध्ययनले हुरिकेन आँधि आएपछि त्यहाँका घरपरिवारले त्यसको सामना गर्न अपनाएको रणनीतिहरूलाई देखाउने प्रयास गरेको छ । यसको अर्थ यो होईन कि, गरिबहरूमा थोरै ज्ञान छ, तर उनीहरूसँग थोरै मात्र विकल्प छन् । यसले समुदाय भित्रको सामाजिक-आर्थिक पक्ष तथा समानताको प्रश्नमा केन्द्रित हुन महत्वपूर्ण रहेको कुरालाई उजागर गरेको छ । पुस्तौंदेखिको जटिलता, विविधता (जस्तै सामाजिक, सांस्कृतिक तथा ऐतिहासिक पक्ष), कमजोर सम्बन्ध, र अहिलेको एकजातीय समाजमा थोरै मात्रामा स्विकारिए जस्तै अदृश्य रूपमा रहेका कुराहरूबाट नै चुनौतीहरू देखा पर्ने गर्छन् । कार्यालय र स्थानीयस्तरमा रहेका कर्मचारीबीचको खाडल वा विभेदले सूचना प्रवाहमा अवरोध खडा गर्छ, किनभने निर्णय गर्ने कुरा धेरै हदसम्म स्थानीयस्तरको अनुभवभन्दा फरक हुने गर्छन् । कार्यालयमा काम गर्ने कर्मचारी र स्थानीयस्तमा काम गर्ने दुवै कर्मचारीले बढी समय स्थानीय-स्तरमा नै बिताएनु पर्ने हुन्छ, साथै उनीहरूले आफू बीच र फरक मत राख्ने समुदायहरूसँग पनि बढी मात्रामा आपसी अन्तक्रिया गर्नु पर्ने हुन्छ, जसले गर्दा उनीहरूले आपसमा आदर, सम्मान गर्न र एक अर्काको कुरा बुझ्न सक्छन् । साथै स्थानीय जटिलता र विविधतालाई बुझ्न सक्छन् । समुदाय र सरकारी कर्मचारीबीच एक प्रकारको संवादविहीन अवस्था पनि रहेको छ । प्रकोपसम्बन्धी तयारीको सञ्चार सामग्रीहरू राष्ट्रिय तथा जिल्ला तहमा तयार गरिएका छन् । जस्तै आधिकारिक चेतावनी सन्देश अथवा जोखिमसम्बन्धी नक्शालाई स्थानीय सन्दर्भहरूमा दाँज्नु आवश्यक छ, जसले गर्दा त्यसलाई समुदायले बुझ्न सकून ।

केही व्यवहार वा कार्यक्रमहरूले सिधैं बाढीको प्रभावलाई कम गर्ने लक्ष्य राखेका छन् भने अन्यले घरपरिवार र समुदायको क्षमतामा अभिवृद्धि गर्ने र त्यसबाट समुदायमा आधारित बाढीको प्रकोपसम्बन्धी तयारीमा सुधार ल्याउन अप्रत्यक्ष रूपमा योगदान पुऱ्याउने लक्ष्य राखेका छन् । यस प्रतिवेदनमा उल्लेख गरिएका धेरै यस्ता प्रयास वा व्यवहारहरू दैनिक जीवनको एउटा अङ्ग बन्न पुगेका छन् । विगतमा जनता आफ्नो आन्तरिक संगठन र आफूलाई बाढीसम्बन्धी तयारीमा आवद्ध नगर्ने र सो कार्यलाई एक प्रकारका अनुदानका रूपमा मात्र लिने गर्थे तर अहिले यसप्रति निकै परिचित हुने गरेका छन् । भिन्न विकासे

संस्थाहरूबीचको प्रतिस्पर्धा (सहयोग विरुद्ध) र जटिल योजना तयार गर्ने तरिकाले उनीहरूलाई स्थानीय ज्ञानलाई उपेक्षा गर्नेतर्फ अग्रसर गराएको छ । जटिल योजनाको अर्थ स्थानीयस्तरबाट सिकेका कुरालाई समावेश गर्ने कुरामा संस्थाहरूमा अति कम उदारता हुनु भन्ने हुन्छ । यो वस्तुगत अध्ययनमा धेरै उदाहरणहरू धेरै जसो निश्चित सन्दर्भमा आधारित छन्, केही जहाँ कतै पनि प्रयोग गर्न सकिने खालका छन् भने केही छलफलका लागि आधारका रूपमा प्रयोग गर्न सकिन्छ ।

## परिवर्तनको लागि स्थानीय ज्ञान एउटा साधनको रुपमा

प्रकोपसम्बन्धी तयारीका धेरै विधिले मानिसले झेल्नुपर्ने जोखिम तथा मानिसलाई के कुरा थाहा छैन भन्ने बारेमा केन्द्रित हुने प्रयास गर्छन् । स्थानीय ज्ञानप्रति ध्यान केन्द्रित गर्दा त्यसले कोशिश गर र त्यो प्रवृत्तिलाई बदल भन्ने कुराको प्रवेश विन्दु उपलब्ध गराउँछ । यसले आन्तरिक र बाह्य संस्थाहरूले मानिसको क्षमता के छ तथा तिनीहरूले वास्तवमा के थाहा छ भन्ने कुरा पत्ता लगाउन सक्षम बनाउँछ । स्थानीय ज्ञान र व्यवहारप्रतिको बुझाइ, त्यसको लेखाजोखा र आदर जस्ता कुरा परिवर्तनका साधान बन्न सक्छन् । पहिला त यसले बाहिरी ज्ञानलाई स्थानीय सन्दर्भमा अंगाल्न र उपभोक्ता वा सेवाग्राहीलाई परियोजनामा समाहित गर्न सहयोग गर्न सक्छ (Visser 2006) । Hutton and Haque (2003) भन्छन् *"प्राकृतिक प्रकोपलाई फरक संस्कृतिका मान्छेले कसरी ग्रहण, विश्लेषण र सामना गर्छन भन्ने कुराको ठीक किसिमले बुझ्नका लागि थोरै प्रयास भइरहेका छ । (...) प्राकृतिक प्रकोपबारेका पश्चिमी अवधारणा, मानवीय जोखिम र गरिवीजस्ता कुरा विभिन्न संस्कृति र समाजमा एकनास लाद्न सकिदैन ।"* दोस्रो, स्थानीय ज्ञानलाई राम्रोसँग बुझेर कुन स्थानीय ज्ञान अहिले पनि सान्दर्भिक छ र त्यसलाई अरूमा प्रसारण वा हस्तान्तरण गरिनु पर्छ भन्ने कुराको मूल्याङ्कन गर्न पनि सहयोग पुऱ्याउँछ (Visser 2006) । हामीलाई आशा छ यो प्रतिवेदनले परिवर्तनलाई छुट्टै व्यवसायिक अभ्यास अथवा संस्थागत अथवा क्षेत्रगतस्तरमा प्रवर्द्धन गर्न सहयोग पुऱ्याउने छ ।